# सुदूरपश्चिम प्रदेश युवा परिषद् (गठन) आदेश, २०७७

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत मिति

२०७७।१२।१२

प्रस्तावनाः सुदूरपश्चिम प्रदेशमा युवाको हक अधिकारको संरक्षण तथा युवाको सशक्तिकरणका लागि शिक्षा, स्वास्थ्य, सीप, उद्यमशीलता र रोजगारीमा युवाको सहभागिता र प्रतिनिधित्वको सुनिश्चितता गर्दै युवा सम्बन्धी नीति निर्माण र सोको कार्यान्वयनमा समेत निजहरुको सक्रिय सहभागिता अभिवृद्धि गरी प्रदेश तथा राष्ट्र विकासको मूल प्रवाहमा युवाहरुको सहभागिता सम्बन्धमा उचित व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "सुदूरपश्चिम प्रदेश युवा परिषद् (गठन) आदेश, २०७७" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापना भएको प्रदेश युवा परिषद् सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले युवा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(च) "युवा" भन्नाले सोह्र वर्षदेखि चालीस वर्षसम्मको उमेर भएको व्यक्ति सम्झनु पर्छ।

(छ) "विशेष समुदायको युवा" भन्नाले द्वन्द्व पीडित, जोखिममा परेका, दलित, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका वा अति सिमान्तकृत, अल्पसंख्यक समुदायका युवा सम्झनु पर्छ।

(ज) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ।

## परिच्छेद-२

## परिषद्‌को स्थापना

३. परिषद्‌को स्थापनाः (१) प्रदेशभित्र युवाको हक हित संरक्षण र सशक्तिकरण गर्नको लागि प्रदेश युवा परिषद् स्थापना गरिनेछ ।

(२) परिषद्‌को मुख्य कार्यालय प्रदेश राजधानीमा रहनेछ ।

४. परिषद् स्वशासित र संगठित संस्था हुनेः (१) परिषद् अविच्छिन्न उत्तराधिकारीवाला एक स्वशासित तथा संगठित संस्था हुनेछ ।

(२) परिषद्‌को आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) परिषद्‌ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न उपभोग गर्न बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

तर परिषद्‌ले अचल सम्पत्ति बेचविखन गर्नु अघि प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्नेछ ।

(४) परिषद्‌ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र परिषद् उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) परिषद्‌ले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

## परिच्छेद-३

## परिषद्‌को गठन तथा काम, कर्तव्य र अधिकार

५. परिषद्‌को गठनः (१) परिषद्‌को गठन देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकारको युवा सम्बन्धी विषय हेर्ने मन्त्रालयको मन्त्री -अध्यक्ष

(ख) मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले मनोनीत गरेको व्यक्ति -उपाध्यक्ष

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) सचिव, युवा सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(ङ) प्रतिनिधि अधिकृतस्तर, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय -सदस्य

(च) मन्त्रालयको युवा सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुख -सदस्य

(छ) युवाको हक, हितको संरक्षणमा योगदान पुर्याएका युवाहरु मध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी मन्त्रालयले मनोनीत गरेका कम्तीमा दुईजना महिलासहित चारजना -सदस्य

(ज) उद्योग, श्रम, कृषि, खेलकूद, विज्ञान, प्रविधि, सूचना तथा सञ्चार, वातावरण, साहित्य तथा कलाको क्षेत्रबाट प्रतिनिधित्व हुने गरी मन्त्रालयले मनोनीत

गरेको कम्तीमा दुई जना महिलासहित पाँचजना -सदस्य

(झ) लैंगिक तथा यौनिक अल्पसंख्यक मध्येबाट मन्त्रालयले मनोनीत गरेको एक जना -सदस्य

(ञ) अपांगता भएका व्यक्ति मध्येबाट मन्त्रालयले मनोनीत गरेको एक जना -सदस्य

(ट) परिषद्को बरिष्ठतम कर्मचारी -सदस्य सचिव

(२) परिषद्को मनोनीत सदस्य हुन देहायको योग्यता पुगेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) कुनै पनि फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ग) चालीस वर्ष उमेर ननाघेको ।

(३) परिषद्को मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको भनी परिषद्ले निर्णय गरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम मनोनीत सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

६. <u>परिषद्को काम, कर्तव्य र अधिकारः</u> यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) युवा सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ख) प्रदेश सरकारबाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने,

(ग) सीप, मनोरञ्जन, स्वयंसेवा, नेतृत्व विकास, उद्यमशीलता, रोजगार, विज्ञान, सूचना तथा प्रविधि, दिगो विकास र वातावरण संरक्षण जस्ता क्षेत्रमा युवाको प्रवर्द्धनका लागि कार्यक्रम सञ्चालन गर्ने,

(घ) परिषद्सँग आवद्धता प्राप्त गर्ने संघ.संस्थाले पालना गर्नुपर्ने शर्त निर्धारण गर्ने,

(ङ) परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने.

(च) युवा विकास सशक्तिकरण एवं मूल प्रवाहीकरण सम्बन्धी विषयमा प्रदेश सरकारलाई सुझाव दिने,

(छ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

(ज) युवालाई प्रदेशको सर्वाङ्गीण विकासमा केन्द्रीत भई अघि बढ्न उत्प्रेरित गर्ने,

(झ) युवाका क्षेत्रमा संघ र स्थानीय तहसँग समन्वय सहकार्य र आवश्यकता अनुसार सहजीकरण गर्ने,

(ञ) युवा वैज्ञानिकलाई प्रोत्साहन गर्न कार्यक्रम सञ्चालन गर्न सक्ने,

(ट) विपद् व्यवस्थापनमा युवा शक्ति परिचालन गर्ने,

(ठ) स्वेदश तथा विदेशको कार्य अनुभवबाट युवाहरुले आर्जन गरेको प्राविधिक ज्ञान, सीप र अनुभवलाई प्रोत्साहन गर्ने,

(ड) प्रदेश सरकार तथा मन्त्रालयले तोकेका अन्य कार्य गर्ने ।

## परिच्छेद-४

## उपाध्यक्षको नियुक्ति तथा काम, कर्तव्य र अधिकार

७. उपाध्यक्षः (१) परिषद्को कार्यकारी प्रमुखको रुपमा एकजना उपाध्यक्ष रहनेछ ।

(२) मन्त्रालयले देहायको योग्यता पुगेको व्यक्तिलाई उपाध्यक्ष पदमा मनोनीतको लागि प्रदेश सरकार समक्ष सिफारिस गर्नेछः-

(क) नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ग) नेपाल सरकारद्वारा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा माध्यमिक शिक्षा वा सो सरहउत्तीर्ण गरी युवाको हक, हितको संरक्षण, सम्बर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव भएको,

(घ) युवा सशक्तिकरणको क्षेत्रमा काम गरेको,

(ङ) चालीस वर्ष उमेर ननाघेको ।

(३) उपाध्यक्षको पदावधि चार वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्षले परिषद्को अहित हुने कुनै काम गरेमा, कार्य क्षमताको अभाव, खराब आचरण वा आफ्नो पदीय कर्तव्यको पालना इमान्दारीपूर्वक नगरेमा प्रदेश सरकारले निजलाई जुनसुकै बखत उपाध्यक्षको पदबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम उपाध्यक्ष पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(६) उपाध्यक्षको पारिश्रमिक, सेवाका शर्त तथा सुविधा प्रदेश सरकारको दशौं तहको कर्मचारीले पाए सरह हुनेछ।

८. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्बाट स्वीकृत नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ख) परिषद्को वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गरी परिषद् समक्ष पेश गर्ने,

(ग) परिषद् तथा कार्यकारी समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) परिषद्बाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन गर्ने गराउने,

(ङ) परिषद्को कर्मचारी व्यवस्थापन तथा अन्य व्यवस्थापकीय कार्य गर्ने,

(च) परिषद्ले तोकेको अन्य काम गर्ने ।

## परिच्छेद-५

## कार्यकारी समितिको गठन तथा काम, कर्तव्य र अधिकार

९. कार्यकारी समितिको गठनः (१) परिषद्को कार्यकारी निकायको रुपमा काम गर्न देहाय बमोजिमको एक कार्यकारी समिति रहनेछः-

(क) परिषद्को उपाध्यक्ष -अध्यक्ष

(ख) मन्त्रालयको युवा सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुख -सदस्य

(ग) परिषद्का सदस्यहरु मध्येबाट परिषद्ले मनोनीत गरेका कम्तीमा दुईजना महिलासहित चारजना -सदस्य

(घ) परिषद्ले तोकेको परिषद्को अधिकृतस्तर -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यको पदावधि परिषद्को सदस्य कायम रहेसम्म हुनेछ ।

१०. कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने,

(ख) परिषद्सँग आवद्ध हुन चाहने संघ, संस्थालाई आबद्धता प्रदान गर्ने सम्बन्धी शर्त, विधि र प्रकृया निर्धारण गरी स्वीकृतिको लागि परिषद्समक्ष पेश गर्ने,

(ग) परिषद्बाट स्वीकृत नीति र मार्गदर्शनको अधीनमा रही युवा विकास, परिचालन तथा युवा सशक्तिकरण सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने गराउने,

(घ) युवाका लागि स्वरोजगार प्रवर्द्धन तथा उद्यमशीलता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ङ) युवा विकास तथा युवा परिचालन सम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(च) युवालाई आत्मनिर्भर हुन सहयोग पुग्ने किसिमको कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(छ) युवालाई नीति निर्माणदेखि कार्यान्वयन तहसम्म संलग्न गराउन पहल गर्ने,

(ज) परिषद्बाट सम्पादन गरिने कार्य मितव्ययी र प्रभावकारी ढंगबाट सम्पादन गर्न तथा वित्तीय उत्तरदायित्व प्रणालीलाई विश्वसनीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्ने,

(झ) युवा सम्बन्धी विभिन्न निकायद्वारा सञ्चालित कार्यक्रमको समन्वय गर्ने,

(ञ) युवा सम्बन्धी संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने, गराउने,

(ट) युवा सम्बन्धी सूचनाको व्यवस्थापन गर्ने तथा एकिकृत तथ्यांक तयार गर्ने ।

परिच्छेद-६

जिल्ला युवा सशक्तिरण समिति

११. जिल्ला युवा सशक्तिरण समितिको गठनः (१) जिल्लास्तरमा युवा सम्बन्धी योजना तथा कार्यक्रमको समन्वय, सहजीकरण र सञ्चालन गर्न प्रत्येक जिल्लामा एक जिल्ला युवा सशक्तिकरण समिति रहनेछ ।

(२) जिल्ला युवा सशक्तिकरण समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहमा युवा सशक्तिकरणको क्षेत्रमा विशेष योगदान पुऱ्याएका युवाहरु मध्येबाट मन्त्रालयलेमनोनीत गरेको व्यक्ति -अध्यक्ष

(ख) जिल्ला समन्वय समितिको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(ग) शिक्षा विकास तथा समन्वय इकाईको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(घ) सामाजिक विकास कार्यालयको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(ङ) परिषद्मा आवद्ध युवा सम्बन्धी संघसंस्था मध्येबाट मन्त्रालयले मनोनीत गरेको एकजना प्रतिनिधि -सदस्य

(च) युवा सशक्तिकरणको क्षेत्रमा विशेष योगदान पुर्‍याएका युवाहरु मध्येबाट मन्त्रालयले मनोनीत गरेको कम्तीमा दुई महिला सहित पाँचजना -सदस्य

(छ) जिल्ला युवा सशक्तिकरण समितिको कर्मचारी -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ङ) र (च) बमोजिमका सदस्य समावेशी सिद्धान्तको आधारमा मनोनीत गर्नु पर्नेछ ।

(४) उपदफा (२) खण्ड (क), (ङ) र (च) बमोजिमका अध्यक्ष र सदस्यको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक,

(ख) कुनै पनि फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ग) युवा सशक्तिकरणको क्षेत्रमा क्षेत्रमा काम गरिरहेको,

(घ) चालीस वर्ष उमेर ननाघेको ।

(५) जिल्ला युवा सशक्तिकरण समितिको अध्यक्ष तथा मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला युवा सशक्तिकरण समितिको अध्यक्ष वा मनोनीत सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको देखिएमा परिषद्ले त्यस्तो अध्यक्ष वा सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिनेछैन ।

(७) जिल्ला युवा सशक्तिकरण समितिको सचिवालय जिल्ला सदरमुकाममा रहनेछ ।

(८) जिल्ला युवा सशक्तिकरण समितिको अध्यक्षको पारिश्रमिक, सेवाका शर्त तथा सुविधा प्रदेश सरकारको छैठौं तह अधिकृतस्तरको कर्मचारीले पाए सरह हुनेछ।

१२. <u>जिल्ला युवा सशक्तिकरण समितिको काम, कर्तव्य र अधिकारः</u> जिल्ला युवा सशक्तिकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालय र परिषद्बाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी जिल्लास्तरीय योजना तथा कार्यक्रमको समन्वय, सहजीकरण र सञ्चालन गर्ने गराउने,

(ख) उद्यमशीलता, रोजगारी, नेतृत्व विकास, सीप विकास तालिम लगायतका विषयमा समन्वयकारी भूमिका निर्वाह गर्ने,

(ग) युवा सम्बन्धी खण्डीकृत तथ्यांकको अद्यावधिक गर्ने,

(घ) स्थानीय तह, युवा सम्बन्धी संघसंस्था, गैर सरकारी संघ संस्था तथा निजी क्षेत्रको साझेदारीमा जिल्लास्तरमा युवा विकास सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने,

(ङ) स्थानीय तहमा सञ्चालन हुने युवा सम्बन्धी कार्यक्रमको समन्वय एवं सहजीकरण गर्ने,

(च) विशेष समुदायका युवालाई लक्षित गरी विभिन्न कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(छ) स्थानीयस्तरमा युवा सम्बन्धी कार्यक्रम सञ्चालन गर्न स्रोत साधन जुटाउने,

(ज) परिषद्ले तोके बमोजिमको काम गर्ने, गराउने ।

## परिच्छेद-७

## <u>परिषद्सँग आबद्धता र कार्यक्रम सञ्चालन</u>

१३. <u>युवा सम्बन्धी संघ, संस्थालाई आबद्धता प्रदान गर्नेः</u> (१) युवाको हक, हितको संरक्षण गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका युवा सम्बन्धी कुनै संघ वा संस्था परिषद्मा आबद्ध हुन चाहेमा देहायका विवरण खुलाई परिषद् समक्ष निवेदन दिनु पर्नेछः-

(क) संघ वा संस्थाको नाम,

(ख) संघ वा संस्थाको उद्देश्य,

(ग) संघ वा संस्थाको नवीकरण बहाल रहने अवधि,

(घ) संघ संस्थाको कार्य समितिका सदस्यहरुको नाम र ठेगाना।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा सम्बन्धित संघ वा संस्थाको प्रचलित कानून बमोजिमको विधान समेत संलग्न गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम निवेदन सहितका कागजात जाँचबुँझ गर्दा त्यस्तो संघ वा संस्थालाई परिषद्मा आवद्ध गर्न उपयुक्त देखिएमा परिषद्ले तोकेको दस्तुर लिई संघ वा संस्थालाई परिषद्मा आवद्ध गर्नेछ ।

(४) उपदफा (३) बमोजिम परिषद्मा आवद्ध भएका युवा सम्बन्धी संघ संस्थाले आफ्नो प्रतिबद्धता प्रत्येक तीन वर्षमा परिषद्ले तोकेबमोजिमको दस्तुर बुझाई नवीकरण गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम परिषद्मा आबद्ध भएका युवा सम्बन्धी संघ संस्थाले आफूले वर्षभरी गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र परिषद् समक्ष पेश गर्नुपर्नेछ।

(६) युवा सम्बन्धी संघ वा संस्थाको आवद्धता नवीकरण, आबद्धता रद्ध र तत्सम्बन्धी अन्य व्यवस्था परिषद्ले तोके बमोजिम हुनेछ ।

१४. <u>कार्यक्रम सञ्चालन गर्ने:</u> दफा १३ बमोजिम परिषद्मा आबद्ध भएका युवा सम्बन्धी संघ, संस्थाले आफ्नो विधानको अधीनमा रही बेरोजगार युवालाई विभिन्न ज्ञान र सीप सम्बन्धी तालिम प्रदान गर्न, युवालाई सशक्तिकरण गर्न र पिछडिएको समुदाय वा वर्गको युवाको हक, हितको संरक्षण हुने विभिन्न कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-८

## <u>परिषद्को कोष</u>

१५. <u>परिषद्को कोष:</u> (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन:-

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) कुनै पनि व्यक्ति वा संघसंस्थाबाट सहयोग स्वरुप प्राप्त रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय बैदेशिक श्रोत वा व्यक्तिबाट प्राप्त रकम,

(घ) युवा सम्बन्धी संघ, संस्थालाई आबद्धता प्रदान गर्दा वा नवीकरण गर्दा प्राप्त रकम,

(ङ) परिषद्ले आन्तरिक स्रोत परिचालनबाट आर्जन गरेको रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नुअघि परिषद्ले नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) परिषद्को नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) कोषमा रहने रकम परिषद्ले तोकेको "क" वर्गको बैंकमा खाता खोली जम्मा गरिनेछ।

(६) कोषको खाता सञ्चालन परिषद्को उपाध्यक्ष र लेखा सम्बन्धी काम गर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

१६. लेखा र लेखापरीक्षण: (१) परिषद्ले आफ्नो आय व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखु पर्नेछ ।

(२) परिषद्को आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(३) मन्त्रालयले परिषद्को आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र अन्य नगदी र जिन्सी जुनसुकै बखत निरीक्षण गर्न वा गराउन सक्नेछ ।

## परिच्छेद-९

## विविध

१७. कर्मचारी सम्बन्धी व्यवस्था: (१) परिषद् तथा जिल्ला युवा सशक्तिकरण समितिको कार्य सञ्चालनका लागि आवश्यक कर्मचारी परिषद् र मन्त्रालयले आपसी समन्वय गरी मन्त्रालयको प्रस्तावमा प्रदेश सरकारले स्वीकृत गरेको संगठन संरचना र दरबन्दी बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको विवरण प्रदेश सरकार समक्ष पठाउनु अघि मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(३) कर्मचारी नियुक्ति गर्दा प्रदेश लोकसेवा आयोगको सिफारिसमा गर्नु पर्नेछ।

(४) प्रदेश लोक सेवा आयोगबाट कर्मचारी सिफारिस भई नआएसम्मका लागि मन्त्रालयको प्रस्तावमा प्रदेश सरकारले मौजुदा कर्मचारीबाट जनशक्ति व्यवस्थापन गर्नु पर्नेछ।

(५) परिषद्ले प्रचलित कानून बमोजिम कर्मचारी सेवा करारमा लिई काममा लगाउन सक्नेछ।

१८. बैठक र निर्णय सम्बन्धी व्यवस्था: दफा ५, ९ र ११ बमोजिमको परिषद्, कार्यकारी समिति र जिल्ला युवा सशक्तिकरण समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछः-

(क) बैठक आवश्यकतानुसार बस्नेछ ।

तर दुई बैठक बीचको अन्तर तीन महिनाभन्दा बढी हुने छैन ।

(ख) बैठक अध्यक्षको निर्देशनमा उपाध्यक्ष वा सदस्य-सचिवले बोलाउनेछ।

(ग) बैठक हुनुभन्दा कम्तीमा अठ्चालिस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्यलाई दिनु पर्नेछ ।

(घ) तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(ङ) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्य मध्येबाट बरिष्ठ सदस्यले गर्नेछ।

(च) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(छ) बैठकको निर्णय उपाध्यक्ष वा सदस्य-सचिवले प्रमाणित गरी राखेछ ।

(ज) बैठकमा आवश्यकतानुसार विषय विशेषज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(झ) बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् वा कार्यकारी समिति र जिल्ला युवा सशक्तिकरण समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१९. <u>सहभागी हुन नपाउनेः</u> परिषद्, कार्यकारी समिति र जिल्ला युवा सशक्तिकरण समितिको कुनै सदस्य वा पदाधिकारीले परिषद्को ठेक्कापट्टा लिन वा आफ्नो निजी स्वार्थ जोडिएको कुनै कार्यमा सहभागी हुन पाउने छैन।

२०. <u>बैठक भत्ता र अन्य सुविधाः</u> (१) परिषद्का अध्यक्ष, उपाध्यक्ष तथा सदस्य, कार्यकारी समितिर जिल्ला युवा सशक्तिकरण समितिका अध्यक्ष तथा सदस्य एवम् आमन्त्रित सदस्यले बैठकमा भाग लिएवापत पाउने बैठक भत्ता प्रदेश सरकारले तोकेबमोजिम हुनेछ।

(२) परिषद् र जिल्ला युवा सशक्तिकरण समितिका सदस्यले पाउने अन्य सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

२१. <u>वार्षिक प्रतिवेदनः</u> (१) जिल्ला युवा सशक्तिकरण समितिले आफूले वर्षभरी गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

(२) परिषद्ले आफूले वर्षभरी गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त परिषद् र जिल्ला युवा सशक्तिकरण समितिले वर्ष भरी सम्पादन गरेका काम, उपलब्धी, खर्च, परिषद्को कोष तथा स्रोत साधन तथा युवाको क्षेत्रमा देखिएका समस्या, समाधान समेतको विवरण उल्लेख गर्नु पर्नेछ ।

(४) परिषद्लाई प्राप्त स्रोत साधन, सम्पादन गरेको काम, उपलब्धि समेतको विवरण सर्वसाधारणको जानकारीको लागि प्रत्येक वर्ष प्रकाशन गर्नु पर्नेछ ।

२२. <u>निर्देशन दिन सक्नेः</u> (१) प्रदेश सरकार र मन्त्रालयले परिषद्को काम कारवाहीको सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।

२३. <u>अधिकार प्रत्यायोजनः</u> (१) परिषद्ले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष वा उपाध्यक्ष वा कार्यकारी समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी समितिले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार कार्यकारी समितिको अध्यक्ष, कुनै सदस्य, सदस्य सचिव वा परिषद्का कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२४. <u>शपथः</u> (१) परिषद्, कार्यकारी समिति र जिल्ला युवा सशक्तिकरण समितिका पदेन सदस्य बाहेकका सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची बमोजिमको ढाँचामा शपथ लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम शपथ लिँदा परिषद्का उपाध्यक्ष र सदस्यले परिषद्का अध्यक्ष समक्ष तथा जिल्ला युवा सशक्तिकरण समितिका अध्यक्ष र सदस्यले परिषद्का उपाध्यक्ष समक्ष थपथ लिनु पर्नेछ।

२५. <u>सहयोग गर्नुपर्नेः</u> परिषद्, कार्यकारी समिति र जिल्ला युवा सशक्तिकरण समितिको काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

२६. <u>परिषद्को विघटनः</u> (१) परिषद्ले यस आदेश बमोजिम काम गर्न नसकेमा प्रदेश सरकारले जुनसुकै बखत परिषद् बिघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएमा परिषद्को चल अचल सम्पत्ति प्रदेश सरकारको हुनेछ ।

२७. <u>प्रदेश सरकारसँग सम्पर्कः</u> परिषद्ले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२८. <u>कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेः</u> यस आदेशको कार्यान्वयनको लागि मन्त्रालयले आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

अनुसूची

(दफा २४ सँग सम्बन्धित)

<u>शपथ</u>

म ......................................................मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु। देश र जनताका नाममा शपथ लिन्छु कि प्रदेश युवा परिषद्/कार्यकारी समिति/जिल्ला युवा सशक्तिकरण समितिको ........................................पदको हैसियतले मलाई तोकिएको काम मैले जाने बुझेसम्म कर्तव्य सम्झी देश, जनता तथा परिषद्प्रति बफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच र मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधिनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन ।

| शपथ ग्रहण गर्नेको- | शपथ ग्रहण गरेको प्रमाणित गराउनेको- |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| पदः | पदः |

♣♣♣